वैठकः- ४६

आज मिति २०७८/०६/२२ गते साझ ५ वजे सरावल गाउँकार्यपालिकाको वैठक कार्यपालिका अध्यक्ष श्री राधेश्याम चौधरी ज्युको अध्यक्षतामा एवं तपशिल वमोजिमको उपस्थितिमा वसी देहाय बमोजिमको निर्णय गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | राधेश्याम चौधरी | अध्यक्ष | |
| २. | श्री उत्तमा कुमारी राय | उपाध्यक्ष | |
| ३. | भेषनारायण चौधरी | सदस्य | |
| ४. | शम्भु प्रसाद चौधरी | सदस्य | |
| ५. | अणेन्द्रनाथ राय | सदस्य | |
| ६. | छोटेलाल यादव | सदस्य | |
| ७. | दिनेश सहानी केवट | " | |
| ८. | कैलास यादव | " | |
| ९. | हयात खाँ धुनिया | " | |
| १०. | विजयसिंह गुप्ता | का.वा वडाध्यक्ष वडा नं. २ | |
| ११. | छिमादेबी चौधरी | " | |
| १२. | चन्दादेवी चौधरी | " | |
| १३. | जन्त्री केवटिन | " | |
| १४. | विन्दादेनी धोवी | " | |
| १५. | जोखु प्रसाद कहार | " | |
| १६. | श्री सुनिता हरिजन | " | |
| १७. | श्री वुध्दप्रकाश पौडेल | " | |
| १८. | नारायण पाण्डेय | आमन्त्रित | |
| १९. | राजन वस्याल | " | |
| २०. | नरेन्द्र कोहार | " | |
| २१. | | | |

## प्रस्ताव एवं निर्णय

**प्रस्ताव नं. १ – संक्षिप्त वातावरणिय अध्ययन तथा वातावरणिय परिक्षण कार्यविधी-२०७७ एवं IEE प्रतिवेदन निर्माणको लागी TOR पारित गर्ने सम्वन्धमा**

**निर्णय नं. १** – प्रस्ताव नं. १ उपर छलफल गर्दा यस सरावल गाउपालिकाको संक्षिप्त वातावरणिय अध्ययन तथा वातावरणिय परिक्षण-२०७७ एवं यस सरावल गाउपालिकाको IEE प्रतिवेदन तयारीको लागी TOR वैठकमा प्रस्तुत भयो । सोउपर छलफल गर्दा उक्त कार्यविधी सहित IEE प्रतिवेदन निर्माणको लागी TOR वैठकमा पेश भएअनुरुप स्विकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ – वहुउद्देश्यिय भवन र ४ नं. वडा कार्यालयको भवनको भेरियसन सम्वन्धमा**

**निर्णय नं. २** –प्रस्ताव नं. २ उपर छलफल गर्दा यस सरावल गाउपालिकाको गाउसभावाट वजेट विनियोजन भई कार्यान्वयन प्रकृयामा रहेको वहुउद्देश्यिय सभाहल र वडा नं. ४ को कार्यालयको विस्तृत परियोजना प्रतिवेनमा केही कार्यहरु जस्तै झ्यालको ग्रिल एवं पल्ला नभएको च्यानलगेट जडानको कार्य सहितका कार्यहरु नभएकोले उक्त कार्य सम्पन्न हुने तवरले DPR मा भेरियस गर्ने र सोही अनुरुप कार्यान्वयन प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ – अस्पताल स्थापना सम्वन्धमा**

**निर्णय नं. ३** – प्रस्ताव नं. ३ उपर छलफल गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. २०९ मिति २०७७/०६/१९ गतेको पत्रवमोजिम संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ८९ प.सं. ०७७/०७८ मिति २०७७/०६/१९ को पत्रअनुसार संघिय सरकारवाट यस सरावल गाउपालिका सरावल स्वास्थय चौकीको नाउमा १५ शैय्यको अस्पताल निर्माणको लागी वजेट विनियोजन भएकोमा स्वास्थ्य सेवाको पहुच तथा जग्गाको उपलव्धताको आधारमा उक्त अस्पताल यसै गाउपालिकाको वडा नं. ५ मा निर्माण गर्ने निर्णय गरियो । साथै कोरोना भाइरस कोभिड-१९ को संक्रमण समुदायस्तरमा फैलियसंगै यस गाउपालिकामा समेत सोको विरामीहरु देखिन लागेकोले निजहरुको उपचार तथा कोरोना भाईरस रोकथान नियन्त्रणको लागी एक कोभिड अस्पताल निर्माण गर्नुपर्ने आवश्यकता महसुस भएकोले यस गाउपालिकाको वडा नं. ५ स्थित प्रधानमन्त्री धान व्लक परियोजनाको भवनलाई अस्थायी कोभिड अस्पाताल निर्माण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ – सरावल-३ कोठिलाहामा निर्मित भवनको सम्वन्धमा नवलपरासी जिल्ला अदालतमा विचाराधिन मुद्दा सम्वन्धमा**

**निर्णय नं. ४** – प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस सरावल गाउपालिका वडा नं. ३ कोठिलाहामा यस गाउपालिको पाचौ गाउसभावाट वजेट विनियोजन भई त्यस क्षेत्रमा गठित उपभोक्ता समितिद्वारा यस कार्यालयसंगको अनुमती एवं सम्झौताको आधारमा निर्मित महिला भवन निर्माण सम्वन्धमा त्यस क्षेत्रको स्थायी वासी दिर्गी चौधरीले यस कार्यपालिका सहित गा.पा अध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वडा नं. ३ वडाध्यक्ष , उपभोक्ता समितिका अध्यक्ष डोजर धनी एवं डोजर चालकलाई प्रतिवादी वनाई नवलपरासी जिल्ला अदालतमा नक्सावमोजिमको कुलोको जग्गा कायम गरी

राधेश्याम चौधरी
अध्यक्ष

खिचोला मेटाई पाउँ(०७७-CP-००६४) र अपराधिक प्रवेश गरी लुटपिट(०७७-C४-००१४) नं. का मुद्दा दायर गर्नुभएकोमा यस सरावल गाउकार्यपालिका कार्यालय, सरावल गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत एवं वडा नं. ३ वडाध्यक्ष समेतको तर्फवाट प्रतिउत्तरपत्र दर्ता गरी मुद्दाको पुर्पक्षसमेतको सम्पुर्ण कार्य गर्नका लागी यस गाउपालिकाका नायवसुव्वा राजन वस्याललाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ – विउमा अनुदान वितरण गर्न वनेको मापदण्ड-२०७७ स्विकृती तथा विपद राहत सम्वन्धमा**

निर्णय नं. ५ - प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस सरावल गाउपालिकाको विउमा अनुदान वितरण गर्न वनेको मापदण्ड-२०७७ वैठकमा जानकारी गराईयो । सोउपर छलफल गर्दा सरावल गाउपालिकाको विउमा अनुदान वितरण गर्न वनेको मापदण्ड-२०७७ वैठकमा पेश भएअनुरुप स्विकृत गर्ने निर्णय गरियो। यस वर्ष लगातारको वर्षा भई वाढी लगायतका प्रकोपवाट गाउपालिकावासी पिडित भएको सन्दर्भमा निजहरुको राहतको लागि सोही कार्यविधीमा आवश्यक व्यवस्था गरिएकोले कार्यविधी अनुरुप राहत प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ – आर्थिक सहायता सम्वन्धमा**

**निर्णय नं. ६** – प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस सरावल गाउपालिका वडा नं. २ को वडाध्यक्ष शम्भु प्रसाद चौधरी विगत ५ महिनादेखि विरामी भई उपचाररत हुनुभएको र हालसम्म पनी रोग पहिचान हुन नसकी निको हुन नसकेको हुनाले निजलाई तत्काल उपचारमा राहत होस भन्ने हेतुले राहतस्वरुप रु १ लाख विनियोजन गर्ने एवं सोको खर्च वार्षिक स्विकृत कार्यक्रमको उपयुक्त शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट स्थानिय तहको लागी सुझाव सम्वन्धमा**

**निर्णय नं. ७** – प्रस्ताव नं. ७ उपर छलफल गर्दा अख्तियार दरुपयोग अनुसन्धान आयोगवाट निति-७७७८-०८६१ मिति २०७७/०४/०८ को पत्रसहित प्राप्त स्थानिय तहको लागी सुझाव वैठकमा प्रस्तुत गरियो । प्राप्त सुझावको सहि कार्यान्वयन गर्दै आगामी दिनमा पालिकालाई भ्रष्टचारमुक्त वनाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ – भारत सरकारको सहयोगमा सञ्चालित साना विकास परियोजना सम्वन्धमा**

**निर्णय नं. ८** – प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस संघिय मामिला तथा सामन्य प्रशासन मन्त्रालय को च.नं. ५१ मिति २०७७/०६/२० गतेको पत्र वमोजिम भारत सरकारको सहयोगमा सञ्चालित साना विकास परियोजनाको लागी योजना माग भई आएकोमा सोको लागी यस गाउँपालिकाको वडा नं. ३ स्थित पटनी-जमुनिया-जमुहनवा खानेपानी आयोजना स्विकृत गर्ने एवं माग गर्ने साथै सो योजना कार्यान्वयनको लागी स्थानिय तहवाट २०% लागत साझेदारी हुनुपर्ने व्यवस्था रहेकोले तोकिए अनुरुप लागत सहभागीता जनाउन आवश्यक रकम विनियोजन गर्ने निर्णय गरियो ।

राधेश्याम चौधरी
अध्यक्ष